प्रति साधारण शेयर रु.१००/- अंकित
दरको ६५,३३,१०८.५९ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

देव: विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
काठमाण्डौं महानगरपालिका वडा नं. १, विणा मार्ग, लालदरबार, नेपाल
फोन नं. : ०१-४२५६७१७, ४२५६६५७, फ्याक्स नं. ०१-४२५३४५९, ४२५१६५३
E-mail: info@devabank.com.np, URL: www.devabank.com.np

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७४ माघ ५ गते "इक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । "इक्रा एनपि आईपिओ ग्रेड ४" ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मिति: २०७४/१२/२६ गते
निष्काशन बन्द हुने मिति: २०७५/१/३० गते
(बैकिंग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ ४ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

विकास बैंकको हाल कायम चुक्ता पूँजी रु.१,६३,३२,७७,१४८.०९/- को दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा रु.१००/- अंकित दरका ६५,३३,१०८.५९ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/११/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :
देव: विकास बैंक लिमिटेड (Deva Bikas Bank Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं.१, विणामार्ग, लालदरबारमा रहेको छ ।

३. कारोवार स्थान :
यो विकास बैंक, नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको विकास बैंक भएकोले नेपाल राज्यभर कार्यक्षेत्र रहेकोछ । यसको केन्द्रीय कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका-१, लालदरबार, विणा मार्गमा रहेकोछ । यस विकास बैंकले हाल ११ वटा जिल्लाहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, धादिङ्ग, पर्वत, चितवन, नवलपरासी, नुवाकोट, रुपन्देही, मोरंग, सुनसरी, कास्की, कैलाली, कन्चनपुर, डोटीमा रहेको ४० बटा शाखा, ५ वटा एक्सटेन्सन काउण्टर र ४ वटा समीमित बैंकिङ्ग इकाई सहित ४९ वटा सेवा केन्द्र मार्फत बैंकिङ्ग कारोबार सञ्चालन गर्दै आइरहेको छ । काठमाण्डौ जिल्लाको लालदरबार मार्ग, न्यूरोड, बालाजु, बसुन्धारा, चावहिल, कोटेश्वर, पुरानो बानेश्वर, कौंडाघारी, नक्साल, ललितपुर जिल्लाको टंगल, भक्तपुर जिल्लाको इताछें, काभ्रेपलान्चोक जिल्लाको पाँचखाल, धुलिखेल, बनेपा, कुन्तावेसी, सिन्धुपाल्चोक जिल्लाको मेलम्ची, जलविरे, सुकुटे, धादिङ्ग जिल्लाको मलेखु, धार्के, मभुवा, चरौंदी, महादेववेसी, देवीस्थान, पर्वत जिल्लाको कुश्मा, फलेवास, चितवन जिल्लाको शहिदचोक, चनौली, लंकु, गीतानगर, टाँडी, मंगलपुर, खोलेसिमल, माडि, नवलपरासी जिल्लाको गैंडाकोट, आरुङ्गखोला, दलदले, रुपन्देही जिल्लाको खैरेनी (देवदह), नुवाकोटको वटार, सुनसरी जिल्लाको पथरी, मोरंग जिल्लाको इटहरी, कास्की जिल्लाको पोखरा न्यूरोड, कैलाली जिल्लाको धनगढी, टिकापुर, जोशीपुर, पहलमानपुर, लम्की, कन्चनपुर जिल्लाको महेन्द्रनगर, आई.बि.आर.डि., डोटी जिल्लाको बुदर शाखा कार्यालय मार्फत आधुनिक बैंकिङ्ग सेवा कारोवार संचालन गर्दै आईरहेको छ । साथै लघुवित्त कार्यक्रम अन्तर्गत बैकिङ्ग कार्यालय रहेका स्थानहरुमा नवलपरासी, चितवन, रुपन्देही जिल्लामा रहेको शाखा कार्यालयहरुमा मार्फत लघुवित्त वित्तीय सेवा संचालन गर्दै आएको छ तथा अन्य सम्भावित जिल्लाहरु धादिङ्ग, काभ्रे सिन्धुपाल्चोक र पर्वतमा समेत विस्तार गरिनेछ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य जिल्ला/क्षेत्रहरुमा शाखा कार्यालय खोलि कारोवार गर्न सकिनेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
देव: विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/११/९/३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६३/३/२९ देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा वित्तीय क्षेत्र, उद्योग व्यवसाय, शैक्षिक क्षेत्र एवं व्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुने छन्:

- क) यस विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
- ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक, पर्यटन, जलविद्युत एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने,
- ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने र
- घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :
क) अधिकृत पूँजी : यस विकास बैंकको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षेरपि दुई अर्ब पचास करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका २,५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी : यस विकास बैंकको जारी पूँजी रु.२,२८,६५,८८,००७/३२(अक्षेरपि दुई अर्व अठाईस करोड पैसाी लाख अठासी हजार सात र पैसा बतिस मात्र) रहेकोछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका २,२८,६५,८८०.०७ (दुई करोड अठाईस लाख पैसाठ्ठी हजार आठ सय असी दशमलव शुन्य सात) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी : हाल यस विकास बैंकको चुक्ता पूँजी रु.१,६३,३२,७७,१४८.१० (अक्षेरपि एक अर्व त्रिसाठ्ठी करोड बत्तिस लाख सत्तहत्तर हजार एक सय अठ्चालिस र पैसा दश मात्र) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका १,६३,३२,७७१.४८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात यस विकास बैंकको चुक्ता पूँजी रु.२,२८,६५,८८,००७/३२ (अक्षेरपि दुई अर्व अठाईस करोड पैसठ्ठी लाख अठासी हजार सात र पैसा बतिस मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१,१६,६१,५६९.१०	५१%	१,१६,६१,५६,९१०.१५	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,१२,०४,३१०.९७	४९%	१,१२,०४,३१,०९७.१८	शतप्रतिशत
	जम्मा	२,२८,६५,८८०.०७	१००%	२,२८,६५,८८,००७.३३	शतप्रतिशत

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	व्यबसायमा अनुभव
१.	प्रा.डा.सुवर्णलाल बज्राचार्य १, कुपण्डोल, ललितपुर । (संस्थापक समूह)	अध्यक्ष	पि.एच.डी.	यु.एस.एड प्रोजेक्टहरुमा कन्सलटेन्ट (फाईनान्स विशेषज्ञ) भई कार्य गरेको अनुभव, ए.डि.बी. ब्रिटिश एड, क्यानेडियन कर्पोरेसन, वर्ल्ड बैंक प्रोजेक्टहरुमा कन्सलटेन्ट CEDA मा एशोसिएट प्रोफेसर, नेशनल ट्रेडिङ्ग लि. मा जोनल मेनेजर भई कार्य गरेको अनुभव, त्रिभवन विश्वविद्यालयमा प्राध्यापक रही ३० बर्ष भन्दा बढीको कार्य गरेको अनुभव (हाल अवकाश प्राप्त) । नेपाल पुर्वाधार विकास कं. लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको अनुभव, देव: विकास बैंक लि.मा २०६३ साल देखि हाल सम्म संचालक निर्वाचित भई कार्यरत ।
२.	श्री जीवन कुमार कट्वाल पुल्चोक, ललितपुर । प्रतिनिधी : कर्मचारी सञ्चय कोष (संस्थापक समूह)	सञ्चालक	एम.वि.ए. एमफिल	विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा कर्मचारी संचय कोषको तर्फबाट संचालकको रुपमा प्रतिनिधित्व गर्दै कार्य गरेको अनुभव, रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडमा संचालक, कर्मचारी संचय कोषमा हाल नायव मुख्य अधिकृतको रुपमा कार्यरत । देव: विकास बैंक लि.मा २०७४/६/२९ देखि हाल सम्म संचालक निर्वाचित भई कार्यरत ।
३.	श्री वज्र गुरुङ्ग बुढानिलकण्ठ, काठमाण्डौ प्रतिनिधी: भाटभटेनी सुपर मार्केट तथा भाटभटेनी ज्वेलर्स (संस्थापक समूह)	सञ्चालक	एम.एस्सी.	नेपाली सेनाको अवकास प्राप्त जनरल । देव: विकास बैंक लि.मा २०६५ साल चैत्र देखि हाल सम्म संचालक निर्वाचित भई कार्यरत ।
४.	श्री सुदनरत्न वज्राचार्य सोल्टिमोड, काठमाण्डौ (संस्थापक समूह)	सञ्चालक	स्नातक	दि जुद्ध मैंच फैक्टरी (विराटनगर) लि. मा संचालक, भिन्तुना प्रिन्टर्स प्रा.लि. मा अध्यक्ष, फ्युचर फोरच्युन प्रा.लि. मा संचालक, देव: विकास बैंक लि.मा २०६५ साल माघ देखि हाल सम्म संचालक निर्वाचित भई कार्यरत ।
५.	श्री महेश प्रधान भरतपुर, चितवन (संस्थापक समूह)	संचालक	स्नातक (कानून)	अटो व्यवसायी, साविक राइजिङ्ग डेभलपमेण्ट बैंक लि. र हाल देव: विकास बैंक लि.मा २०६८ बैशाख ५ देखि हालसम्म संचालक निर्वाचित भई कार्यरत ।
६.	श्री भरत बहादुर हमाल प्रगतिनगर-४, नवलपुर (सर्वसाधारण समूह)	संचालक	आई. कम.	धितोपत्र लगानीकर्ता, मैजु वहाल बहुउद्देश्य सहकारी संस्था लिमिटेडमा २०६४/६/५ देखि २०६९/५/२९ सम्म संचालक को रुपमा कार्य गरेको अनुभव ।
७.	श्री पुरुषोत्तम श्रेष्ठ कमलपोखरी, काठमाण्डौ (सर्वसाधारण समूह)	संचालक	वि.कम.	धितोपत्र लगानीकर्ता, देव: विकास बैंक लि.मा २०७० चैत्र २८ देखि हाल सम्म संचालकको रुपमा कार्यरत ।
८.	श्री विजय राज शर्मा भुषाल भरतपुर, चितवन । (सर्वसाधारण समूह)	संचालक	–	रियल स्टेट तथा पर्यटन व्यवसायी, साविक राइजिङ्ग डेभलपमेण्ट बैंक लि. र हाल देव: विकास बैंक लि.मा २०६९ फाल्गुन ०६ देखि हाल सम्म संचालक निर्वाचित भई कार्यरत ।

नोट: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको ब्यवस्था बमोजिम स्वतन्त्र सञ्चालक १ (एक) जना नियुक्त हुन बाँकी ।

विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : श्री विजय बहादुर श्रेष्ठ **ठेगाना** : काठमाण्डौं महानगरपालिका-३२, डिल्लीबजार, घट्टेकुलो **योग्यता** : एम.बि.ए.

अनुभव : (१) नोवेम्वर १९८५ देखि ३१ अगष्ट २००२ सम्म नेपाल इन्भेष्टमेण्ट बैंक लि.मा विभिन्न विभागमा उच्च व्यवस्थापनमा रही कार्य गरेको अनुभव (२) १ अक्टोवर २००२ देखि २०१४ सम्म माच्छापुच्छ्रे बैंक लि.मा सहायक महाप्रवन्धक देखि नायव महाप्रवन्धक सम्मको पदमा रही कार्य गरेको अनुभव (३) विदेशी विनिमय तथा मुद्रा बजार डिलर एशोशियशनको संस्थापक सदस्य तथा अध्यक्षको रुपमा कार्य गरेको अनुभव (४) नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिष्टम अध्यक्षको रुपमा कार्य गरी सकेको (५) १२ जुलाई २०१४ देखि हाल सम्म देव: विकास बैंक लि. मा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत ।

८. संचालक समितिको बनौट :
यस विकास बैंकको हालसालैको संशोधित नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	७ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :
यस विकास बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या १,६३,३२,७७१.४८ कित्ताको दश कित्ता शेयर बराबर चार कित्ता शेयर (१० : ४) को अनुपातमा (अर्थात् हाल कायम १० (दश) कित्ता साधारण शेयर बराबर नयाँ ४ (चार) कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ६५,३३,१०८.५९ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा दरखास्त दिनु पर्नेछ । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. विकास बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु. हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक			आ.ब. ०७३/०७४ पौष मसान्तसम्मको	प्रक्षेपित		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. शेयर पूँजी	८८१,०८८	१,००४,४४०	१,६९२,०७७	१,६३३,२७७	२,५३३,६८०	२,५३३,६८०	२,५३३,६८०
२. जगेडा तथा कोषहरु	१२३,७०६	१५०,२९४	२११,२९६	६००,८६५	५७९,७६९	९६४,७७७	१,४५७,०३१
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	६,६८८,९३२	७,४७०,१५३	१०,४११,०६०	१३,५०९,७४१	१३,५००,०००	१५,५००,०००	१७,५००,०००
६. भुक्तानी दनु पर्ने बिलहरु	२,२३५	२,९००	४,८७३	-	५,३६०	५,८९६	६,४८६
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	३,३१५	-	१३,००५	-	-	-	-
८. आयकर दायित्व	१,७०४	-	-	१८४,३५९	-	-	-
९. अन्य दायित्व	९५,१८०	१०१,३२२	१३१,७१७	७५३,९१५	१७८,२९३	२१३,६५७	२६१,००४
कुल दायित्व	७,७९६,१६१	८,७२९,११०	१२,४६४,०२८	१६,६८२,१५६	१६,७९७,१०२	१९,२१८,०११	२१,७५८,२०२

सम्पत्ति	वास्तविक			आ.ब. ०७३/०७४ पौष मसान्तसम्मको	प्रक्षेपित		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. नगद मौज्दात	२८१,९२५	३५३,६२०	४४४,७७९	४६६,६६४	५०४,०७२	५८३,०२५	६१७,७०५
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३०५,४६०	३३९,०५७	६०१,१६८	६१७,१७२	८१०,०००	९३०,०००	१,०५०,०००
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१००,३८५	२७,०१७	२६,२६७	४५,९२०	१३५,०००	१५५,०००	१७५,०००
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	१,७४३,०५९	१,७२६,१९१	१,४४१,८९१	२,१८०,९४२	२,५४४,५५०	२,६५७,१५०	२,९१२,२५०
५. लगानी	१६५,१४९	१३३,१२२	२९१,०८६	७१६,१४७	६३४,१०३	६९४,६०३	७६७,६९८
६. कर्जा सापट तथा बिल खरिद	४,८५८,५८१	५,८६८,३७४	९,३५६,६९५	११,८८९,७६७	११,८०१,५२०	१३,७६८,४४०	१५,७३५,३६०
७. स्थिर सम्पत्ति	१८८,६७०	१८२,३१९	१८८,२४४	२१६,९९३	२४७,९२०	२९५,०८३	३४८,३७४
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१५२,९३१	९९,४१०	११३,८९८	५४८,५५१	११९,९३७	१३४,७०९	१५१,८१५
कुल सम्पत्ति	७,७९६,१६१	८,७२९,११०	१२,४६४,०२८	१६,६८२,१५६	१६,७९७,१०२	१९,२१८,०११	२१,७५८,२०२

नाफा-नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	वास्तविक			आ.ब. ०७३/०७४ पौष मसान्तसम्मको	प्रक्षेपित		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	४७०,९०२	६७६,८६५	१,०६२,२८९	७९१,२७५	१,४३५,३८५	१,६६१,७३९	१,९१६,६०२
२. ब्याज खर्च	२५७,७४३	३१८,०२४	५०३,६७४	४७६,३९२	७०६,९७३	८१४,२५३	८७७,५३६
खुद ब्याज आम्दानी	२१३,१६०	३५८,८४०	५५८,६१४	३१४,८८३	७२८,४१२	८४७,४८६	१,०३९,०६६
३. कमिशन तथा डिस्काउण्ट	६,८४५	११,२२६	१३,४५८	४,१४०	१६,५४४	१८,२००	२०,०२२
४. अन्य संचालन आम्दानी	२४,८३०	४६,४३३	८६,०७३	५९,८७५	१०५,७३७	१२२,४३६	१३९,२७४
५. सटही घटबढ आम्दानी	२७०	६५७	-	(२३२)	१,०८२	२,२८२	३,४८२
कुल संचालन आम्दानी	२४५,१०५	४१७,१५६	६५८,१४६	३७८,६६५	८५१,७७५	९९०,४०४	१,२०१,८४४
६. कर्मचारी खर्च	७०,७९२	१०२,८३५	११७,६६८	५९,७६६	१६८,१९९	१८३,४६४	२००,१७८
७. अन्य संचालन खर्च	८०,७९५	११२,२५०	१३३,७७९	७०,२७१	१८५,३०७	२१२,९५७	२४३,५८१
८. सटही घटबढ नोक्सान	-	-	३८६	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	९३,५१८	२०२,०७१	४०६,३१२	२४८,६२९	४९८,२६९	५९३,९८३	७५८,०८५
९.सम्भावित नोक्सानी	६२,२२८	८८,१६७	८०,४७९	२७,५५७	२४,२३४	३३,०८०	३३,०८०
संचालन मुनाफा/(नोक्सान)	३१,२९०	११३,९०४	३२५,८३३	२२१,०७२	४७४,०३५	५६०,९०३	७२५,००५
१०. गैर संचालन आम्दानी/(नोक्सान)	७६९	४२,२७४	३६,१९६	७	४०,४५९	४४,४९७	४८,९२९
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	२५९,६०१	७६,२२०	८४,३३०	-	४५,६८०	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२९१,६६१	२३२,३९८	४४६,३६०	२२१,०७९	५६०,१७४	६०५,४००	७७३,९३४
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(७,११७)	३८२	१८४	-	१२०	१३०	१३०
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	२८४,५४४	२३२,७८०	४४६,५४४	२२१,०७९	५६०,२९४	६०५,५३०	७७४,०६४
१३. कर्मचारी बोनस व्यवस्था	२५,८६८	२१,१६२	४०,५९५	२०,०९८	५०,९३६	५५,०४८	७०,३६९
१४. आयकर ब्यबस्था	१२,२००	६३,४८१	१२१,४७९	६०,२९४	१५४,१२६	१६५,४७४	२११,४४१
यस वर्षको	१४,२७७	६५,५११	१२३,७७४	-	१५७,५५५	१७०,११६	२१६,३१५
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(२,०७७)	(२,०३०)	(२,२९६)	-	(३,४२९)	(४,६४२)	(४,८७४)
खुद मुनाफा/(नोक्सान)	२४६,४७६	१४८,१३७	२८४,४७१	१४०,६८६	३५५,२३२	३८५,००८	४९२,२५४
शेयर संख्या (हजारमा)	८,८११	८,८११	१४,४४९	१६,३३३	२५,३३७	२५,३३७	२५,३३७
प्रति शेयर आम्दानी (रु.)	३०.१३	१६.८१	१९.६९	१७.२३	१४.०२	१५.२०	१९.४३

नोट: आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण भएको तर नेपाल राष्ट्र बैंकबाट स्वीकृत हुन बाँकी वित्तीय विवरणहरु हुन भने आ.ब.०७४/०७५ को पौष मसान्त सम्मको वित्तीय विवरणहरु आन्तरिक लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

नेटवर्थ सम्बन्धी विवरण *(रु. हजारमा)*

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
चुक्ता पूँजी	८८१,०८८	१,००४,४४०	१,६९२,०७७	२,५३३,६८०	२,५३३,६८०	२,५३३,६८०
जगेडा तथा कोषहरु	१२३,७०६	१५०२९३	२११,२९६	५७९,७६९	९६४,७७७	१,४५७,०३१
कुल	१,००४,७९४	१,१५४,७३४	१,९०३,३७३	३,११३,४४९	३,४९८,४५७	३,९९०,७१२
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	१,००४,७९४	१,१५४,७३४	१,९०३,३७३	३,११३,४४९	३,४९८,४५७	३,९९०,७१२
शेयर संख्या (हजारमा)	८,८११	१०,०४४	१६,९२०	२५,३३७	२५,३३७	२५,३३७
प्रति शेयर नेटवर्थ (रु.)	११४.०३	११४.९६	११२.४९	१२२.८८	१३८.०८	१५७.५१
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	२४.५३	१२.८३	१४.९५	११.४१	११.०१	१२.३३
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				१६.६७		

नोट: माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोवारहरुको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको ब्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा खगेन्द्र भट्टराई एण्ड एशोशियट्सका प्रोप्राईटर (चार्टड एकाउण्टेन्ट्स) श्री खगेन्द्र भट्टराई, काठमाण्डौ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :
- क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुको स्थापना मार्फत उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
- ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नियामक निकायहरुबाट हुन सक्ने अप्रत्याशित नीति नियम परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
- घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
- च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुन सक्ने आर्थिक जोखिमहरु ।
- ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- झ) सूचना प्रविधिको दुरुपयोगबाट हुने सक्ने जोखिम ।
- ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस विकास बैंकको सञ्चालनको इतिहास करिव १२ (बाह्र) वर्षको रहेको छ । विकास बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्याएको छ । यस बाहेकका व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम: रु.१००/- प्रति सेयरका दरले निष्काशन गरिएको सेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :
१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराइएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली विकास बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफुले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	१९५	७१	१७६	१०८९.००
०७२/०७३	३४५	१६९	३२१	१५९०.६२
०७३/०७४	४५८	१७२	२६६	२६७०.४७

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ पौष	१९३	१७३	१७७	७४.८२
२०७४ माघ	१८३	१६४	१७६	१०१.४८
२०७४ फागुन	१९०	१३८	१४४	२१७.९२

द्रष्टब्य: यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :
स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइ सकेको छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :
यस विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका ब्यवस्था अनुसार उक्त नियमावलीको अनूसुची-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,
(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम राष्ट्रिय स्तरका विकास बैंकले पुर्याउनु पर्ने चुक्ता पूँजी पुर्याउन र सो को लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) यस विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप विशेष साधारण सभाबाट १० : ४ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) यस विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) यस विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन, र
५) यस विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी यसको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :
यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु. १३०,६६२.५
२.	कर्जा तथा लगानी प्रवाह	४८९,९८३.२
३.	सरकारी ऋणपत्र	३२,६६५.२
	जम्मा	६५३,३१०.९

२२. निष्काशन बैंक (Banker to the Issue) सम्वन्धी व्यवस्था :
यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इनभेष्टमेन्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२८१०४
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१७०७००१
३.	श्री देव: विकास बैंक लिमिटेड, बीणामार्ग, काठमाण्डौ ।	३०११०१९४००४१०२
४.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ ।	०१३१०४००१२०५३६००००५

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता कम्पनीले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :
१. श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा शाखा कार्यालयहरुः लालदरबार, काठमाडौं, लगनखेल, ललितपुर तथा चिप्लेढुङ्गा, पोखरा ।
२. श्री देव: विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय लालदरबार तथा धुलिखेल, कोटेश्वर, नारायणगढ, टंगल, पाँचखाल, न्यूरोड, मलेखु, कुश्मा, बट्टार, भक्तपुर, बालाजु, बानेश्वर, मेलम्ची, धार्के, बसुन्धारा, गैंडाकोट, आरुङ्गखोला, दलदले, टाँडि, खोलेसिमल, चनौली, लंकु, गीतानगर, देवदह, मंगलपुर, माडि, इटहरी, पथरी, नक्साल, पोखरा न्यूरोड, धनगढी, टिकापुर, महेन्द्रनगर, जोशीपुर, आई.बि.आर.डि., बुडर, पहलमानपुर, लम्की, चावहिल एक्सटेन्सन काउन्टर, कौंडाघरी एक्सटेन्सन काउन्टर, कुन्तावेशी एक्सटेन्सन काउन्टर, बनेपा एक्सटेन्सन काउन्टर, मझुवा एक्सटेन्सन काउन्टर, महादेववेशी सिमित बैंकिङ्ग इकाई, चरौदी सिमित बैंकिङ्ग इकाई, फलेबास सिमित बैंकिङ्ग इकाई, सुकुटे सिमित बैंकिङ्ग इकाई ।
३. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी देव: विकास बैंक लि. को वेवसाइट www.devabank.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल एस क्यापिटल लि. को वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी देव: विकास बैंक लि. को वेवसाइट www.devabank.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. संचालक तथा आधारभुत शेयरधनीहरुहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस विकास बैंकको संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापत जम्मा रु. १६,१५,१५,४०० /- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

देव: विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
काठमाण्डौ महानगरपालिका वडा नं. १, विणा मार्ग, लालदरबार, नेपाल
फोन नं. : ०१-४२५६७१७, ४२५६६५७, फ्याक्स नं. ०१-४२५३४५९, ४२५१६५३
E-mail: info@devabank.com.np, URL: www.devabank.com.np
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मिति: २०७४ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

[मार्फत:]
एनआईबिएल एस क्यापिटल लिमिटेड

कोड नं.

श्री संचालक समिति,
देव: विकास बैंक लिमिटेड
लालदरबार, काठमाडौं, नेपाल ।

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. DP ID Client ID

महोदय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/११/१६ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा …………… कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा विकास बैंकले जारी गरेको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको ………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मन्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल	गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole	VDC/Municipality	
जिल्ला	P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District		Mobile/phone No.	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's/ Name			
पति/पत्नीको नाम			
Husband/Wife's Name			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (Incase of minor)			

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोट: १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुबै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

[मार्फत:]
एनआईबिएल एस क्यापिटल लिमिटेड

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	DEVA BIKAS BANK LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

NIBL ACE CAPITAL
wholly owned subsidiary of NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)